स्वावलम्बन बैंक समाचार

स्वावलम्बन लघुवित्त विकास बैंक लि. द्वारा प्रकाशित त्रैमासिक बुलेटिन । २०७२ आश्विन

# केन्द्र प्रमुख गोष्ठीको आयोजना



स्वावलम्बन लघुवित्त विकास बैंक लि.अन्तरगतका शाखा/उपशाखा कार्यालयहरूमा केन्द्र प्रमुख गोष्ठी सम्पन्न भएका छन् ।

केन्द्र, समुह तथा कार्यक्रमको गुणस्तर बृद्धिको लागि केन्द्र प्रमुख/उप प्रमुख लाई सक्रिय गराउने तथा सदस्यहरूको समस्या गुनासाहरूको बारेमा छलफल गरी समाधानको उपाय खोज्ने, सदस्यहरूमा सकारात्मक भावनाको बिकास गराउने, सदस्यको ब्यबसायिक सोचको बिकास गरी आय-आर्जनको काममा प्रेरित गर्ने, केन्द्रका प्रमुख, उप-प्रमुखहरूको काम, कर्तव्य, जिम्मेवारी र जवाफदेहीता जस्ता विषयहरूमा स्मरण गराउने तथा अन्य समसामयिक विषयमा छलफल गर्ने उद्देश्य अनुरूप केन्द्र प्रमुख गोष्ठीको आयोजना गरिएको छ ।

आर्थिक-सामाजिक अवस्थामा सुधार नआई शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताको पहुँचबाट टाढा हुने भएकाले ग्राहक सदस्यहरूको आय आर्जन कार्यमा अभिवृद्धि गराउन त्यस सम्वन्धी सन्देश तथा जानकारी दिन, केन्द्र प्रमुखहरूमा कार्यक्रम तथा कार्यालयप्रति सकारात्मका सोंच विकास गर्ने तथा परीवर्तित नीति नियमका बारेमा पुनर्ताजगी गराउन समेत यस किसिमका गोष्ठी फलदायी हुने भएका कारण बैंकले वर्षेनी यस प्रकारका गोष्ठी आयोजना गर्दै आएको छ ।

स्वावलम्बन लघुवित्त विकास बैंक लि.का विभिन्न जिल्लामा रहेका सबै शाखा/उपशाखा कार्यालय अन्तरगतका केन्द्रका केन्द्र प्रमुख/उपप्रमुख तथा सदस्यहरूको केन्द्र प्रमुख गोष्ठी २०७२ श्रावण, भाद्र, आश्विन महिनामा शाखा/उपशाखा कार्यालयले आफ्नो पायक पर्ने स्थानमा संचालन गरेका हुन । बैंक अन्तरगत यस पटक जम्मा ८९४८ जना गोष्ठीमा सहभागी भएका छन् । बैंक अन्तरगतका शाखा/उपशाखा कार्यालयमा सञ्चालन भएका केन्द्र प्रमुख गोष्ठीमा सम्वन्धित शाखा/उपशाखाका कर्मचारी तथा इलाकाबाट पनि संयोजक तथा सहजकर्ताको रूपमा सहभागिता रहेको थियो । ■

# केन्द्रहरू पुरस्कृत

केन्द्र प्रमुख गोष्ठीको अवसरमा गत आ.व.२०७१।७२ को वार्षिक मूल्यांकनको आधारमा उत्कृष्ठ हुने केन्द्रहरू प्रमाणपत्र तथा नगद पुरस्कार सहित पुरस्कृत भएका छन । त्यस क्रममा बैंक भरमा प्रथम, द्वितीय र तृतीय हुने केन्द्र र शाखा/उपशाखा कार्यालय स्तरमा प्रथम, द्वितीय र तृतीय हुने केन्द्र पुरस्कृत भएका हुन । बैंक भरमा प्रथम, द्वितीय र तृतिय हुने केन्द्रहरूमा क्रमशः शाखा कार्यालय धरान स्थित सप्तकोशी स्वावलम्बन महिला केन्द्र, शाखा कार्यालय गाइघाट स्थित राम जानकी स्वावलम्बन महिला केन्द्र र उपशाखा कार्यालय डुम्रे स्थित लगनशील स्वावलम्बन महिला केन्द्र रहेका छन ।

उपशाखा कार्यालय, नगरकोट भक्तपुरले मिति २०७२।५।२४ मा आयोजना गरेको केन्द्र प्रमुख गोष्ठीमा प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधान, का.मु.विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले तथा प्रबन्धक श्री राजेन्द्र धिताल सहभागी हुनुभयो । कार्यक्रममा बोल्नुहुँदै प्रमुख कार्यकारी अधिकृत श्री प्रधानले यस प्रकारका गोष्ठीहरूले समस्याको सहि पहिचान गर्न र समाधानको उपायको खोजी गर्ने भएकोले अत्यन्त उपयोगी हुने बताउनुभयो । केन्द्र व्यवस्थापन कार्यक्रमको प्रमुख र अति महत्वपूर्ण पाटो भएकाले पनि केन्द्र यसका लागि केन्द्र प्रमुखको काम, कर्तव्य, जिम्मेवारी सम्बन्धमा हुने छलफल




फलदायी हुने बताउनुभयो । त्यसैगरी, कार्यक्रमका सभापति केन्द्र नं. १९ की प्रमुख श्रीमती शिला तामाङ्गले यस केन्द्र प्रमुख गोष्ठीमा कार्यक्रमको बारेमा थप जानकारी गराएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँलेसबै केन्द्रको प्रतिनिधित्व हुने गरी यसरी आयोजना गरी आफ्नो कुरा राख्न दिनुभएको र धेरै कुरा सिक्न पाएकोमा बैंक परिवारलाई धन्यबाद समेत दिनुभयो । कार्यक्रममा श्री प्रधानले उक्त शाखामा प्रथम, द्वितीय र तृतीय हुन सफल केन्द्रहरूका प्रमुखहरूलाई प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गर्नुभयो । कार्यक्रममा श्रोत व्यक्तिको रूपमा उपशाखा कार्यालय लेलेबाट श्री सुरेन्द्र कार्की रहनुभएको थियो भने उपशाखा प्रबन्धक श्री तिर्थ श्रेष्ठ, कर्मचारीहरू श्री रोशन अधिकारी तथा श्री रस्मिता खनाल लगायतको उपस्थिति थियो । ■

**विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत तथा छठ पर्व २०७२ को मंगलमय शुभकामना**

**स्वावलम्बन लघुवित्त विकास बैंक लि., परिवार**

# तालिम तथा गोष्ठीमा सहभागीता

Human Resource Society, Nepal ले मिति २०७२ श्रावण २९ गते काठमाडौंमा आयोजना गरेको 4th National HR Conference मा वरिष्ठ प्रबन्धक श्री निलकण्ठ पौडेल सहभागी हुनुभयो ।

## नियुक्ति

बैंकले यस त्रैमास अवधिमा करार सेवा अन्तरगत एक जना विभागीय प्रबन्धक तथा खुल्ला प्रतियोगिताबाट ५ जना सहायक प्रबन्धकको नियुक्ति गरेको छ ।

# समीक्षा बैठक सम्पन्न



स्वावलम्बन लघुवित्त विकास बैंक लि. शाखा/उपशाखा कार्यालयहरूको वार्षिक समीक्षा बैठक सम्बन्धित इलाका कार्यालयहरूमा श्रावण महिनाका विभिन्न मितिमा आयोजना गरिएको छ । वार्षिक कार्यक्रमको समीक्षा तथा भावी कार्ययोजना तयारीका लागि अपनाइने रणनीति सम्बन्धमा छलफल गर्ने उद्देश्य अनुरूप यस किसिमका समीक्षा बैठकको आयोजना हुँदै आएको छ ।

समीक्षा बैठकमा शाखा/उपशाखा कार्यालयहरूले आ-आफ्नो कार्यालयको प्रगति समीक्षा प्रस्तुत गरेका थिए । कार्यक्रमलाई स्वस्थ रूपमा अगाडी बढाउनुपर्ने रणनीति तयारी समेत प्रस्तुतिकरणको गहन विषयवस्तु रहेको थियो ।

इलाका कार्यालय घोराही दाङ्गमा आयोजना गरिएको बैठकमा प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानज्यू तथा प्रबन्धक श्री राजेन्द्र धितालको सहभागीता थियो । बैठकमा आफ्नो मन्तव्य राख्नुहुदै श्री प्रधानले नाफाको दृष्टिकोणले प्रथम हुने शाखा कार्यालय तुलसीपुरलाई बधाई ज्ञापन गर्नुभयो । उहाँले कार्यक्रममा धेरै लगानी भन्दा पनि कार्यक्रम गुणस्तरीय बनाउनुपर्ने बताउनुभयो । कर्मचारीलाई विभिन्न तालिम कार्यक्रमको खाँचो देखिएकोले आगामी दिनमा विभिन्न किसिमका उपयोगी तालिम आयोजना गरी कर्मचारीलाई दक्ष र सक्षम बनाउन बैंक कटिवद्ध रहेको समेत बताउनुभयो । सबै इलाका कर्यालयहरूमा मिति २०७२ श्रावण महिनामा आयोजित समीक्षा बैठकमा केन्द्रीय कार्यालयका पदाधिकारीको समेत सहभागीता थियो । ■

# स्वावलम्बन बैंक र HFH बीच सम्झौता



स्वावलम्बन लघुवित्त विकास बैंक लि. र Habitat for Humanity, Nepal (HFH) बीच Carter Work Project अन्तरगत चितवन जिल्ला अन्तरगतका १०० विपन्न परिवारलाई स्थायी आवासका लागि घर कर्जा उपलब्ध गराउन साझेदारी सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानले बैंक र HFH बीच विपन्नका लागि आवास निर्माण गर्न साझेदारी सम्बन्धी सम्झौता भएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले Carter Work Project संग सहकार्य गर्न पाएकोमा उत्साहित रहेको समेत बताउनुभयो । HFH का राष्ट्रिय निर्देशक Desiree Bartosiak ले आफ्नो सहयोगले १०० परिवारलाई आवास निर्माण कार्यक्रम पछि सुरक्षित वसोवास र वर्षातको समयमा पानी चुहिने र हावाबाट हुने खतरा समेतबाट छुटकारा पाउने बताउनुभयो । कार्यक्रममा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष श्री शंकरमान श्रेष्ठले न्यून आय भएका विपन्न वर्गको लागि आवास कार्यक्रमका लागि बैंक र HFH बीच भएको साझेदारी सम्झौतामा सहजकर्ताको भूमिका निर्वाह गर्न पाएकोमा अत्यन्त खुसी व्यक्त गर्नुभयो । ■

# लेखा तालिम सम्पन्न

बैंकले सहायक तथा वरिष्ठ सहायक कर्मचारीहरूको दैनिक लेखाको कार्य गर्ने ज्ञान तथा क्षमता अभिवृद्धि गर्ने हेतुले मिति २०७२ श्रावण १२ गते देखि १४ गतेसम्म नेपालगंज, बाँकेमा लेखा तालिम संचालन गरेको छ ।

तालिम कार्यक्रममा जम्मा २२ जना कर्मचारीको सहभागीता रहेको थियो । ३ दिनसम्म संचालन भएको तालिम समापन कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानज्यूले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नु हुँदै कार्यालयको नियमित कार्य सम्पादनमा यस किसिमका तालिम कार्यक्रमले सहयोग पुऱ्याउने बताउनुभयो । तालिमका सहभागीहरूले तालिम कार्यक्रमबाट लेखा विषयमा धेरै सैद्धान्तिक ज्ञान प्राप्त गरेको र दैनिक कामकाजमा अभ्यास गर्दै आएको लेखा प्रणालीको विस्तुत रूपमा जानकारी प्राप्त गरेको बताउनुभयो । ■



# कार्यालय प्रमुखहरू Self-Development Management तालिममा सहभागी




स्वावलम्बन लघुवित्त विकास बैंक लि. इलाका कार्यालय गठ्ठाघर, मुग्लिन, बर्दिवास र वीरगंज अन्तरगतका शाखा/उपशाखा कार्यालयका प्रमुखहरूलाई Self-Development Management तालिममा सहभागी गराएको छ।

स्वावलम्बन विकास केन्द्रलेको आयोजनामा मिति २०७२ भाद्र १० देखि ११ गतेसम्म संचालित २ दिने उक्त तालिम कार्यक्रम सकारात्मक सोंच विकास, कार्यप्रतिका उत्प्रेरणा, सेवाग्राहीप्रति प्रभावकारी सेवा र कर्मचारी बीच सुसम्बन्ध कायम राख्न सहयोग पुग्ने जस्ता विषयमा केन्द्रीत थियो।

तालिम कार्यक्रममा आयोजक संस्था स्वावलम्बन विकास केन्द्रका अध्यक्ष श्री शंकरमान श्रेष्ठज्यूले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नु हुँदै संस्थाको प्रगति हुनुमा कर्मठ, सकारात्मक सोंच भएको र लगनशील जनशक्तिको मुख्य भूमिका हुने बताउनुभयो। समुदायमा आर्थिक सामाजिक परिवर्तन ल्याउन सर्वप्रथम स्वयं सकारात्मक परिवर्तनकारी हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा केन्द्रका कार्यकारी प्रमुख श्री शंकरनाथ कपालीले तालिम कार्यक्रमको विषय वस्तु अत्यन्त लाभदायक भएको बताउनु भयो। बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानज्यूले यस प्रकारको गहन विषयवस्तु समेटिकएको तालिम पटक पटक र सबै कर्मचारीलाई आवश्यक हुने र समूह कार्यमा विश्वास राखि सकारात्मक तवरले कार्यको शुरूवात गर्नु कुशल व्यवस्थापकको गुण भएको बताउनुभयो।

तालिमका श्रोतव्यक्ति श्री प्रकाश कुमार पोखरेलले कुशल व्यवस्थापनमा सकारात्मक सोंच पहिलो शर्त हो तर सकारात्मक सोंचका साथै कार्यमा समेत उत्तिकै ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उक्त तालिम कार्यक्रममा सफल मात्र नभई प्रभावकारी व्यवस्थापनमा, स्वयं परिवर्तन, स्वयं व्यवस्थापन तथा सकारात्मक सोंच विकासमा समेत चर्चा गरिएको थियो। तालिम कार्यक्रममा सहभागीहरूले आफ्नो मन्तव्य राख्नुहुदै व्यवस्थापन पक्षका धेरै विषय वस्तु जान्ने, सिक्ने मौका पाएकोमा आयोजक सहित सबैप्रति आभार प्रकट गर्नुभएको थियो। ■

## बंगलादेशमा अध्ययन/अवलोकन भ्रमण



स्वावलम्बन विकास केन्द्रले बंगलादेशमा मिति २०७२ भाद्र २७ देखि आश्विन २ गतेसम्म लघुवित्त सम्बन्धी अध्ययन/अवलोकन भ्रमण कार्यक्रममा स्वावलम्बन लघुवित्त विकास बैंक लि.का ५ जना कर्मचारीको सहभागीता रहेको थियो।

सहभागीहरूमा केन्द्रीय कार्यालयका वरिष्ठ प्रबन्धक श्री प्रताप नारायण श्रेष्ठ, इलाका कार्यालय घोराही, दाङ्गका प्रबन्धक श्री प्रमिला सेंढाई, शाखा कार्यालय तुलसीपुरका शाखा प्रबन्धक श्री प्रेम बहादुर थापा, शाखा कार्यालय लहानका प्रबन्धक श्री गोपाल थापा र शाखा कार्यालय गाइघाटका का.मु.प्रबन्धक श्री राम देव चौधरी सहभागी हुनुभयो। उक्त अध्ययन/भ्रमण कार्यक्रमबाट भ्रमण टोली मिति २०७२ आश्विन ३ गते नेपाल फर्केको थियो। ■

## अन्तरवार्ता



**श्री प्रेम बहादुर थापा** शाखा कार्यालय, तुलसीपुका कार्यालय प्रमुख हुनुहुन्छ। आर्थिक वर्ष २०७१/७२ मा बैंकका १०९ वटा शाखा कार्यालयमध्ये सर्वाधिक नाफा कमाउन सफल यस शाखाले जम्मा रू.९९ लाख १४ हजार नाफा गर्न सफल भएको छ। शाखा प्रबन्धक श्री थापासंग कार्यालयको अवस्था र कार्यालयले गरको प्रगति सम्बन्धमा *राजेन्द्र धितालसंग* गरिएको संक्षिप्त कुराकानी।

**शाखा सर्वाधिक नाफा कमाउन सफल रहयो, कसरी सम्भव भयो ?**

शाखामा कर्मचारीको टिम मिल्नु पहिलो शर्त हुन जान्छ। यहाँ पनि सबै कर्मचारी साथीहरूसंग समय समयमा छलफल तथा सल्लाह गरी फिल्ड अध्ययन अनुगमनमा जोड दिई सदस्यहरूसंग गरिने राम्रो व्यवहार र शाखाका कर्मचारीको टिममा रहेर काम गर्ने शैली, मनोवल र दृढ इच्छा शक्ति र सदस्यको विश्वासले नै यो सम्भव भएको जस्तो मलाई लाग्छ।

**टिमको कुरा गर्नुभयो, त्यसका लागि शाखा प्रबन्धकको कस्तो भूमिका आवश्यक हुन्छ ?**

सबभन्दा पहिला ग्राहक सदस्य कार्यक्रमबाट सन्तुष्ट छन छैनन भन्ने कुरा फिल्डमा नै गएर अध्ययन गर्नुपर्छ। प्रबन्धकले सदस्यहरूको मनोभावना बुझ्नुपर्छ। त्यसका साथै, कर्मचारीको भावना पनि विश्लेषण गर्नुपर्ने हुन्छ। ग्राहक सन्तुष्ट हुने तर कर्मचारी सन्तुष्ट नभएको अवस्थामा पनि परिणाम राम्रो आउदैन र कर्मचारी सन्तुष्ट हुने तर ग्राहक सन्तुष्ट नहुने हो भने पनि परिणाम राम्रो आउदैन। त्यसकारण शाखा प्रबन्धकले दुवै पक्षको उचित व्यवस्थापन गर्ने हो भने परिणाम राम्रो आउछ।

**शाखा राम्रो हुनुमा माथिल्लो निकाय (केन्द्रीय/इलाका कार्यालय) को भूमिका कस्तो हुनु आवश्यक छ ?**

माथिल्लो निकायको परिपत्र, नीति निर्देशनबाट नै शाखा अगाडी बढ्ने हो। समय समयमा अनुगमन गरी सवल पक्षलाई साथ दिने र दुर्वल पक्षलाई सुधार गर्ने मौका दिएको कारणनै हामीलाई काम गर्न सहज भएको हो। कर्मचारीको व्यवहारिक पक्षलाई समेत ध्यान दिएर सरूवा, बढुवामा शाखाको राय लिंदा राम्रो हुने देख्छु। काम गर्नेलाई निराश नहुने र काम नगर्ने अगाडी आउने वातावरण हुनुहुदैन।

**शाखा सफल बनाउन अरु शाखा प्रबन्धकहरुलाई सल्लाह दिनुपर्‍यो भने के भन्न रुचाउनुहुन्छ ?**

सबै साथीहरू काममा दिग्गज हुनुहुन्छ। सल्लाह नै दिनुपर्दा इमान्दार, कामप्रति कटिवद्ध भई काम गर्ने, गल्ती नदोहर्‍याउने र गल्तीबाट पाठ सिकेर अगाडी बढ्नुपर्छ। प्रबन्धकले टिम मिलाउने कुरामा विशेष ध्यान दिनुपर्छ। सबै सदस्यको बारेमा जान्नु, बुझ्नु पर्ने हुन्छ। माथिल्लो निकायबाट आएका नीति, नियम, निर्देशनलाई मध्यनजर गर्दै काम गर्नुपर्छ। कर्तव्यबोध भयो भने सबै राम्रो हुन्छ।

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.

## अद्यावधिक स्थिति (२०७२ भाद्रसम्म)

बैंकले सेवा पुऱ्याएको जम्मा जिल्ला संख्या : ४६

| इलाका कार्यालय | कार्यालय संख्या | कार्यक्रमले ढाकेको गा.वि.स/न.पा | केन्द्र संख्या | समूह संख्या | सदस्य संख्या | ऋणी सदस्य संख्या | ऋणी सदस्य अनुपात (%) | लगानीमा रहीरहेको रकम रु. (000) | सदस्य बचत रकम रु. (000) |
|---|---|---|---|---|---|---|---|---|---|
| विर्तामोड, झापा | ८ | ५९ | ६०४ | २,७९५ | १०,६११ | ७,९४६ | ७५% | ३५४,७२५ | १२७,८५९ |
| इटहरी, सुनसरी | १० | ८७ | ८६४ | ४,५३१ | २०,४६९ | १४,८५८ | ७३% | ६२५,११० | २५४,९१९ |
| लहान, सिरहा | १८ | २१२ | १,१८४ | ६,२६५ | २८,७५४ | १९,४९३ | ६८% | ८५१,७६६ | ३६७,६९५ |
| बर्दिबास, महोत्तरी | ११ | १०९ | ७८० | ४,५४६ | २१,५२८ | १५,४५१ | ७२% | ७५७,४१८ | २६८,८४९ |
| वीरगंज, पर्सा | ११ | ११६ | ८३९ | ५,२३२ | २४,०२५ | १८,६२० | ७८% | ७००,७६८ | ३२०,४६७ |
| गट्ठाघर, भक्तपुर | १७ | १५० | १,४७८ | ७,६९४ | ३१,१२३ | १७,९९७ | ५८% | ५६२,०८६ | ३९१,५१८ |
| घोराही, दाङ्ग | १७ | १२४ | १,४२४ | ७,१७० | ३३,७३४ | २१,५६१ | ६४% | ८५५,७३१ | ३१८,४६९ |
| मुग्लिन, चितवन | ९ | ९० | ६९२ | २,९९१ | १४,९२० | १०,८७३ | ७३% | ३९४,२९७ | १४३,१३४ |
| धनगढी, कैलाली | ८ | ५६ | ५४२ | २,४१५ | १२,५६२ | ७,२८८ | ५८% | २५१,३४३ | ७९,९४३ |
| कुल | १०९ | १००३ | ८,४०७ | ४३,६३९ | १९७,७२६ | १३४०८७ | ६८% | ५,३५३,२४४ | २,२७२,८५३ |

## अनुरोध

यस "स्वावलम्बन बैंक समाचार" लाई अझ प्रभावकारी, उपयोगी र स्तरीय बनाउन तपाईंहरुको रचनात्मक सहयोग एवं सुझावको सदैव अपेक्षा गर्दछौं । यस प्रकाशनको प्रकृतिसंग मेल खाने लेख, रचना, सदस्यहरुको सफलताका कथाहरु तथा अन्य समसामयिक गतिविधि समेटी तयार पारेका रिपोर्टहरु स्पष्टसंग लेखि वा टाइप गरी पठाउनु हुन समेत अनुरोध गर्दछौं ।

**प्रापक**

.............................................................................................

.............................................................................................

.............................................................................................

.............................................................................................

केन्द्रीय कार्यालय: लालकोलोनी मार्ग, लालदरबार, काठमाडौं, पो.ब.नं. १९२४६, फोन ०१-४४३४९२१, ४४३४९२२ फ्याक्स: ०१-४४४१५२५
E-mail: swbbl@ntc.net.np / swabalambanadm@gmail.com, Web Site: www. swbbl.com.np